# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**शंकरपुर, कञ्चनपुर**

**स्था. २०७३**

**प.सं. : २०८१/०८२ (प्राबिधिक शाखा )**

**च.नं. :** **सुदूरपश्चिम प्रदेश, नेपाल**

---

## दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०६/११
## आन्तरिक आय सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम आ.व. २०८१/०८२ का लागी यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क दस्तुर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा देहायमा उल्लिखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न इच्छुक व्यक्ती, कम्पनी वा फर्महरूबाट स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र (२०७९/०८० ), उद्योग/व्यवसाय दर्ता प्रमाण पत्र र कालो सुचीमा नरहेको स्व घोषणा पत्र संलग्न राखी तपसिल शर्तहरुको अधीनमा रही छुट्टाछुट्टै ई-टेन्डर वा सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित मितिले ठेक्का सम्बन्धी विवरणमा तोकिएको मिति भित्र खरिद गरी अलग-अलग ई-टेण्डर/सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखा र पूर्वाधार विकास तथा भवन नियमन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

दरभाउपत्रका शर्तहरु

१. यस कार्यालयमा दरभाउपत्र दस्तुर रु.१०००.०० तिरी वा नबिल बैंक, चान्देव शाखामा रहेको **ग.१.१ आन्तरिक राजस्व खाता नं. २३१०१०१७५०००४१** मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर लिई दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउपत्र छुट्टा छुट्टै दरभाउपत्रको छुट्टा छुट्टै शिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा वा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा दरभाउपत्र दस्तुर जम्मा गरेको भौचर र धरौटी (बिड बण्ड) लाई शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गरी दर्ता गर्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएपनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

दरभाउपत्र खरिद /

३. दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

४.आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर वाहेक) सम्वन्धीत दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ । साथै दरभाउ कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउदाताले छुट्टै बुझाउनु पर्नेछ ।

५. दरभाउपत्र पेश गर्दा सिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्ने, दरभाउपत्रको प्रत्येक पानामा विवरण स्पष्ट सँग भरी व्यवसायीले प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ ।

६. दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट वा यस

# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शंकरपुर, कञ्चनपुर
### स्था. २०७३

प.सं. : २०८१/०८२ (प्राबिधिक शाखा )
च.नं. :

सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यालयको Website:www.laljhadimun.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np मा हेर्न सकिनेछ वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

| ठे. नं. | कामको बिबरण | कर तथा मर्मत शुल्क संकलन | न्यूनतम कबोल रकम *(सेवा शुल्क र मू.अ. कर बाहेक)* | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|
| LAL/REV/SQ/ 081/082-01 | कबाडी कर रकम संकलन गर्ने ठेक्का | गा.पा. को क्षेत्र भित्रका उद्योग कलकारखानाहरु | २०,०००/- | कबोल अंकको ५% | २०८१/०३/२८ १२:०० बजे | २०८१/०३/२८ १५:०० बजे |
| LAL/REV/SQ/ 081/082-02 | सडक सेवा शुल्क संकलन गर्ने ठेक्का | लालझाडी गाउँपालिका बाट निर्मित तथा मर्मत गरिएका सबै शाखा सडक | २,००,०००/- | | | |

विस्तृत जानकारी यस कार्यालयको *Website: www.laljhadimun.gov.np तथा* सार्वजनिक खरिद अनुगमन कार्यालयको *Website: www.bolpatra.gov.np मा हेर्न सकिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत